आज मिति २०८३ साल जेठ २१ गते दिउसो ११:०० बजे बिहीवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ७४ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| सहयोगी कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री छविजंग मल्ल | वरिष्ठ लेखा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |

Scanned with CamScanner

## मिति २०८३/०२/२१ गतेको ७४ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु :**

**प्रस्ताव नं.१**

सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण सम्बन्धी सुचना सम्बन्धमा परेको गुनासो व्यवस्थापन सम्बन्धमा ।

२) आगलागी नियन्त्रण सम्बन्धी सरोकारवालाहरुका लागि सचेतनामूलक प्रयोगात्मक अभ्यास गर्ने सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को १०० बुँदे कार्यसूची,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०८२।०८३,चलानी नं ४१२ र मिति २०८३।१।१७ परिपत्र र तत् बमोजिम जिल्ला प्रशासन कार्यालय दैलेखबाट जारी भएको प सं ०८२।८३, चलानी नं २७९७ र मिति २०८३।०१।२५ को परिपत्र समेतका आधारमा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण गरी बसेका नागरिकका हकमा अतिक्रमित सरकारी र सार्वजनिक जग्गा खाली गर्न ३५ दिनभित्र हटाई सहयोग गरिदिन सरोकारवाला सबैमा सार्वजनिक सूचना मार्फत जानकारी गराउने भनि मिति २०८३।०२।०४ को कार्यपालिका बैठकको निर्णय अनुसार मिति २०८३।०२।१३ मा यस कार्यालयबाट सार्वजनिक सूचना जारी गरिएकोमा सरोकारवाला नागरिकहरुले मिति २०८३।०२।२० मा यस गाउँपालिकामा संयुक्त रुपमा पेश गरेको विज्ञप्ति उपर कार्यपालिकाको ध्यानाकर्षण भयो । विगत लामो समयदेखि घरटहरा निर्माण गरी बसोबास गरिरहेका र भुमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासी सम्बन्धी लगत संकलन कार्यविधि २०७८ र २०८१ वमोजिम भूमि समस्या समाधान आयोगबाट पटक पटक प्रकाशित सूचना अनुसार गाउँपालिका मार्फत भूमि समस्या समाधान आयोगमा जग्गा प्राप्तिका लागि निवेदन दिई निस्सा प्राप्त गरी जग्गा दर्ताको प्रकृयामा रहेका नागरिकहरुका हकमा उक्त सुचना आकर्षिक नहुने तर नयाँ आवादी गरी सार्वजनिक जग्गा अतिक्रमण कार्य नगर्न सरोकारवाला सवैलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा विपद् व्यवस्थापन शाखा मार्फत प्रस्ताव भई आएको आगलागी नियन्त्रण सम्बन्धी सरोकारवालाहरुका लागि सचेतनामूलक प्रयोगात्मक अभ्यास यसै महिनाभित्र गाउँपालिकाको आयोजनामा सञ्चालन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner